बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

# शिक्षण सिकाइ सहयोग अनुदानसम्बन्धी कार्यविधि, २०८१

सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ११ र १२) मा विषयगत शिक्षकको उपलब्धतामा वृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा अपेक्षित सुधार गर्ने उद्देश्यले विद्यालय क्षेत्र विकास कार्यक्रमले लक्षित गरे अनुसार यस प्रदेशभित्र माध्यमिक तहमा हुनुपर्ने न्यूनतम दरबन्दी नभइ विद्यालयमा शिक्षण सिकाइ सहयोग अनुदान वितरण गर्न र विषयगत शिक्षकको नियुक्तिलाई व्यवस्थित वनाइ विषयगत योग्य शिक्षकले अध्यापन गराइ गुणस्तरीय शिक्षा उपलब्ध गराउन सहयोग पुऱ्याउन वाञ्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ (२) बमोजिम प्रदेश सरकारले यो "शिक्षण सिकाइ सहयोग अनुदानसम्बन्धी कार्यविधि, २०८१" बनाएको हो ।

## परिच्छेद एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "शिक्षण सिकाइ सहयोग अनुदान सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) "प्रदेश" भन्नाले बागमती प्रदेशलाई सम्झनुपर्दछ ।

(ख) "निर्देशनालय" भन्नाले शिक्षा विकास निर्देशनालयलाई संझनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्दछ ।

(घ) "माध्यमिक विद्यालय" भन्नाले कक्षा ९ देखि १२ सम्म सञ्चालन भएको सामुदायिक माध्यमिक विद्यालयलाई सम्झनु पर्छ ।

(ङ) "विद्यालय" भन्नाले सामुदायिक माध्यमिक विद्यालयलाई सम्झनु पर्छ ।

(च) "शिक्षक दरवन्दी" भन्नाले सामुदायिक विद्यालयमा रहेका स्थायी,अस्थायी र राहत दरवन्दीलाई सम्झनु पर्छ ।

## परिच्छेद दुई
## उद्देश्य ,विद्यालय छनोटको आधार र प्रकृया

३. उद्देश्यः (१) यस कार्यक्रमको विद्देश्य देहायअनुसार रहेकाछनः

क) विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु

बद्रीनाथ गैरे
प्रदेश सचिव

ख) शून्य दरवन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरुमा शिक्षक व्यवस्थापन गर्नु ।

**४· विद्यालय छनोटका आधारहरुः (१)** यस कार्यक्रमको लागि विद्यालय छनोटका देहाय बमोजिमका आधारहरू हुने छन्:

क· माध्यमिक तह (कक्षा ११ र १२ ) मा न्यूनतम १ दरबन्दी नभएको कक्षा १२ सम्म सञ्चालन भएको हुनुपर्नेछ ( दरवन्दी भन्नाले स्थायी, अस्थायी तथा राहत करारमा नियुक्ति हुने पदलाइ जनाउछ) ।

ख· विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको गठन भएको हुनुपर्ने छ ।

ग· विद्यालयले सम्बन्धित स्थानीय तहबाट तहगत रूपमा दरबन्दीको विवरण प्रमाणित गराइ पेस गर्नु पर्नेछ।

घ· विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा तथ्याङ्क भरेको हुनुपर्ने छ ।

ङ· माध्यमिक तह कक्षा ११ र १२ मा प्रति कक्षामा कम्तिमा १५ जना विद्यार्थी भर्ना भएको हुनुपर्नेछ।

च· सामुदायिक माध्यमिक विद्यालय वा सामुदायिक प्रकृतिको धार्मिक/परम्परागत माध्यमिक विद्यालय हुनुपर्नेछ।

छ· कक्षा १२ को परीक्षामा सहभागीता भइसकेको हुनुपर्नेछ।

ज) विद्यालयले कक्षा ११ र १२ मा अध्यापन हुने विषय मध्ये विद्यालयको लागि अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक नियुक्ति गर्न प्राथमिकता दिनुपर्नेछ।

**५· विद्यालय छनोट प्रक्रिया:**(१) निर्देशनालयले माथि उल्लिखित बमोजिमका आधार पुरा गरेका सामुदायिक माध्यमिक विद्यालयलाई शिक्षण सिकाइ सहयोग अनुदानका लागि छनोट गर्दा देहायका प्रक्रिया अबलम्वन गर्नुपर्ने छः

क) दफा ४ बमोजिमका आधार पूरा गरेका सामुदायिक विद्यालयहरूले अनुदानका लागि अनुसूची-१ मा तोकिएको ढाँचा र कागजातहरू संलग्न गरी आवेदन पेस गर्न निर्देशनालयले १५ दिनको सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गर्ने र निर्देशनालय, सामाजिक विकास मन्त्रालयको वेबसाइटमा प्रकाशित गर्ने ।

बद्रीनाथ गैहे
प्रदेश सचिव

ख) निर्देशनालयलाई प्राप्त बजेटको सीमाभित्र रही दफा ५ उपदफा (१) को (क) बमोजिम प्राप्त आवेदनहरूको जाँचबुझ तथा मूल्याङ्कन गरी दफा ४ बमोजिमका आधार पुरा गरेका सामुदायिक विद्यालयहरूमध्ये दफा ७ बमोजिमको कार्यविधि अनुसार मूल्याङ्कन गर्दा योग्यताक्रमका आधारमा निर्धारित कोटा संख्या वमोजिम छनोट गर्ने । यदि अङ्क वरावर भएमा माध्यमिक तहमा वढी विद्यार्थी भएको विद्यालय छनोट गर्ने ।

## परिच्छेद ३

## विद्यालय छनोट र शिक्षक नियुक्ति र सेवा सर्त

६· **विद्यालय छनोट समितिः (१)** विद्यालयबाट प्राप्त आवेदनको मूल्याङ्कन गरी शिक्षण सिकाइ अनुदानको लागि सिफारिस गर्न देहाय अनुसारको छनोट समिति रहनेछ :

क) शिक्षा विकास निर्देशनालयका महानिर्देशक - संयोजक

ख) मन्त्रालयको विद्यालय शिक्षा हेर्ने महाशाखा प्रमुख - सदस्य

ग) योजना तथा कार्यक्रम शाखाको निर्देशक, निर्देशनालय- सदस्य

घ) आर्थिक प्रशासन शाखा प्रमुख, निर्देशनालय - सदस्य

ङ) शिक्षक सेवा आयोग हेर्ने अधिकृत, निर्देशनालय – सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बढीमा तिनजनासम्म विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

७· **छनोटका कार्यविधिहरूः** (१) शिक्षण सिकाइ सहयोग अनुदानका लागि आवेदन पेस गर्ने विद्यालयहरू छनोट गर्दा तपसिलका कार्यविधिका आधारमा गरिने छ,-

**क.आधारभूत तहमा प्राप्त दरबन्दी – १५ अङ्क**

१) शिक्षा नियमावली अनुसार आधारभूत तह (१-८) मा न्यूनतम् (प्रा. वि. ५+ नि.मा.वि. दरवन्दी १ ) वा सोभन्दा बढी दरबन्दी भए– १० अङ्क

२) शिक्षा नियमावली अनुसार आधारभूत तह (१-५) न्यूनतम् ५ वा सोभन्दा बढी दरबन्दी भए र नि.मा.वि. (६-८) मा १ पनि दरवन्दी नभएमा – १२ अङ्क

३) शिक्षा नियमावली अनुसार आधारभूत तह (१-५) न्यूनतम् ५ भन्दा कम दरबन्दी भएमा र नि.मा.वि. मा १ पनि दरवन्दी नभएमा – १५ अङ्क

ख. माध्यमिक तहमा प्राप्त दरबन्दी – १५ अङ्क

बद्रीनाथ गैह्रे
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१) माध्यमिक तह (११-१२) मा ० दरवन्दी भए /दरवन्दी नभए १५ अङ्क

२) माध्यमिक तह (९-१०) मा एक देखि दुइ दरवन्दी सम्म भए १० अङ्क

३) माध्यमिक तह (९-१०) मा ३ देखि ४ सम्म दरवन्दी भए ८ अङ्क

**ग. विद्यार्थी सङ्ख्या – १० अङ्क**

१) कक्षा ११ र १२ मा ६० जनाभन्दा माथि विद्यार्थी भए – १० अङ्क

२) कक्षा ११ र १२ मा ४१ देखि ६० जनासम्म विद्यार्थी भए – ९ अङ्क

३ कक्षा ११ र १२ मा ३० देखि ४० जनासम्म विद्यार्थी भए – ८ अङ्क

**घ. विद्यालय सञ्चालनको भौगोलिक अवस्थिति – १० अङ्क**

१) महानगरपालिका र उपमहानगरपालिका भएमा– ६ अङ्क

२) नगरपालिका भएमा – ८ अङ्क

३) गाउँपालिका भएमा – १० अङ्क

(२) उपरोक्त कार्यविधि बमोजिम विद्यालय छनोट गर्दा विनियोजन बजेट बमोजिम छनोट गर्दा अन्तिम विद्यालयहरु, बराबर भएमा विद्यार्थी सङ्ख्या बढी भएको विद्यालय छनोट गर्नुपर्ने छ ।

८· शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः (१) विद्यालयले उपलब्ध शिक्षण सिकाइ सहयोग अनुदानमा शिक्षण सेवा लिँदा देहाय अनुसार गर्नु पर्नेछः

क) प्रचलित ऐन तथा नियमावलीमा उल्लेख भए अनुसारको विधि तथा प्रक्रियाको आधारमा माध्यमिक तह (कक्षा ११-१२) को विद्यालयमा अध्यापन हुने प्रमुख विषयमध्ये विद्यालयको लागि अंग्रेजी, गणित र विज्ञान शिक्षक मध्ये कुनै एक विषय शिक्षक करार नियुक्ति गर्न प्राथमिकता दिनुपर्नेछ।

ख) करार अवधि २०८२ असार मसान्तसम्मका लागि हुनेछ ।

ग) विद्यालयले आफ्नै स्रोतबाट शिक्षा ऐन, नियमावलीको प्रक्रिया पुरा गरी शिक्षक नियुक्ति गरी नियमित रुपमा पठनपाठन गरिरहेको शिक्षकको हकमा विद्यालयको स्रोत अभावले तलब भुक्तानी दिन कठिनाइ भएमा निजको शिक्षण कार्य सम्पादनको आधारमा अनुदान रकमबाट विद्यालय व्यवस्थापन समितिको निर्णय गराई भुक्तानी गर्न सकिने छ। यसरी शिक्षक व्यवस्थापन गर्दा सम्बन्धित स्थानीय तहको स्वीकृति लिनुपर्ने छ। यसरी कार्यरत रहेका शिक्षकको तलवभत्ता निर्देशनालयसँग भएको सम्झौता पश्चात विद्यालय व्यवस्थापन समितिको वैठक वसी निरन्तरता दिने भनी निर्णय भएको मिति देखि लागू हुने गरी निकासा गरिनेछ।

बद्रीनाथ गैरे
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

घ) नियुक्त ,भएका शिक्षकको अभिलेख व्यवस्थापनका लागि विद्यालयले निर्देशनालय र सम्बन्धित स्थानीय तहमा विवरण पठाउनुपर्ने छ ।

ङ) विद्यालयले यो अनुदान रकमबाट तलब पाउने गरी भुक्तानी गरिएको शिक्षकको हकमा शिक्षा ऐन, नियमावली अनुसार नियुक्ति भएको भनी स्थानीय तहको सिफारिस पत्र र शिक्षकलाई तलब भुक्तानी गरेको तलबी भरपाई स्थानीय तहबाट प्रमाणित गराई प्रत्येक महिनाको पहिलो हप्ताभित्र शिक्षा विकास निर्देशनालयमा पेस गर्नुपर्ने छ ।

च) शिक्षण सिकाइ अनुदानका लागि छनोट भएको शिक्षकलाई हाजिर भएको मितिदेखि लागू हुने गरी माध्यमिक तह द्वितीय श्रेणीको शिक्षकले पाउने सुरू तलब स्केल बराबर हुने गरी पारिश्रमिक उपलब्ध गराउनुपर्ने छ ।

**९· शिक्षकको सेवा सर्त सुविधाः (१)** यस कार्यविधि अनुसार शिक्षण सिकाइ सहयोग अनुदान कोटामा छनोट भएका शिक्षकले (कक्षा ११ र १२) मा नियुक्त शिक्षकले पाउने वा माध्यमिक द्वितीय श्रेणीको शिक्षकको सुरू तलब स्केल बराबरको रकम पारिश्रमिक स्वरूप दिइने छ।

**१०· करार सम्झौता रद्द हुनेः** (१) देहायको अवस्थामा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्ने छः

क) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी विद्यालयमा अनुपस्थित भएमा

ख) करार सम्झौतामा उल्लेख भएका सर्तहरू पालना नगरेमा

ग) शिक्षक आचारसंहिताको पालना नगरेमा

घ) विद्यालयले तोकेको अन्य कार्य सन्तोषजनक रूपमा नगरेमा ।

(२) उप दफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई प्रचलित कानुनअनुसार मनासिब माफिकको मौका नदिइ सेवाबाट हटाउन पाइने छैन ।

## परिच्छेद ४
## विविध

**११· विवरण पठाउनु पर्नेः** निर्देशनालयले शिक्षण सिकाइ सहयोग अनुदान कार्यक्रमका लागि छनोट गरिएको सामुदायिक विद्यालयको विवरण मन्त्रालयमा पठाउनु पर्ने छ।

**१२· लेखा तथा लेखापरीक्षणः** विद्यालयहरूले शिक्षण सिकाइ सहयोग अनुदान कार्यक्रमको अनुदान वापत प्राप्त गरेको रकमको नेपाल सरकारको लेखा प्रणाली अनुसार लेखा राख्नु पर्ने छ र लेखापरीक्षण प्रचलित कानुन बमोजिम गर्नुपर्ने छ ।

बद्रीनाथ गैह्रे
सचिव

१३. **सरकारी बाँकी सरह असुलउपर गरिने:** शिक्षण सिकाइ सहयोग अनुदान प्राप्त गर्ने विद्यालयहरूले तोकिएको सर्त विपरीत कार्य गरेमा अनुदान निकासा भएको रकम सरकारी बाँकी सरह विद्यालयबाट असुलउपर गरिने छ ।

१४. **प्रचलित कानुन बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएदेखि बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुने छ ।

१५. **कार्यविधि संशोधन तथा परिमार्जन:** यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा आर्थिक दायित्व पर्ने विषय क्षेत्रमा आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमति लिई संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

बद्रीनाथ गैहे
प्रदेश सचिव

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौडा, नेपाल

अनुसूची-१

(दफा ५ को (क) सँग सम्बन्धित)

## आवेदन फाराम

१ विद्यालयको संक्षिप्त विवरण

विद्यालयको नाम, ठेगानाः ईमेल ठेगाना मोवाइल नं.

सञ्चालित कक्षाः

माध्यमिक तह सञ्चालन गर्ने अनुमति प्राप्त मितिः

कक्षा ११

कक्षा १२

अनुमति दिने निकायको नाम

क) शिक्षक विवरण

| तह | स्वीकृत दरबन्दी | राहत दरबन्दी | शिक्षण सिकाइ अनुदान | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | | | | |
| आधारभूत तह (कक्षा ६-८) | | | | |
| माध्यमिक तह (कक्षा ९-१०) | | | | |
| माध्यमिक तह (कक्षा ११-१२) | | | | |

ख) शिक्षकहरुको नामनामेसी विवरण (सवै प्रकारका शिक्षकहरु)

| क्र स | नाम | नियुक्तिको प्रकार | विषय | नियुक्ति मिति | तह र श्रेणी | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

माथि उल्लेख गरिएको सवै किसिमवाट नियुक्ति पत्र पाएका शिक्षकहरुको नियुक्ति पत्र वा करार पत्र

ग) स्थानीय तह, प्रदेश र सङ्घीय शिक्षक अनुदान पाएको छ छैन ..........................................

पाएको भए कुन तह र कतिओटा पाएको छ

..........................................................................................................

बद्रीनाथ गैरे
प्रदेश सचिव

घ) निजी स्रोतबाट शिक्षक राखिएको छ छैन ..............................................

राखिएको भए कुन कुन तहमा, कति कति जना र कुन कुन विषयको राखिएको छ

...................................................................................................................................................................

ङ) विद्यार्थी विवरणः

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| ११ | | | |
| १२ | | | |
| कुल जम्मा | | | |

तयार पार्ने प्र. अ.को

नाम

हस्ताक्षर

प्रमाणित गर्ने वि व्य स अध्यक्ष

नाम

हस्ताक्षर

विद्यालयको छाप

सिफारिस गर्ने

....................... पालिका

शिक्षा महाशाखा/ शाखा

नाम

पद

सही

स्थानीय तहको छाप

सम्लग्न राख्नुपर्ने कागजातहरू

१. माध्यमिक तह (कक्षा ११-१२) को कक्षागत सञ्चालनको अनुमति पत्र ।

२. स्थानीय तहबाट तहगत रूपमा दरबन्दी प्रमाणित गरेको पत्र ।

३. स्थानीय तहवाट शिक्षक अभिभावक सङ्घ र वि. व्य. स. गठन उल्लेख भइ पदाधिकारीहरुको नामनामेसी प्रमाणित पत्र

४. विद्यालयको वर्तमान शिक्षकको दरबन्दी अवस्था खुलाएको विद्यालय व्यवस्थापन समितिको निर्णय

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

५. विद्यालयको आवश्यकताअनुसार माध्यमिक तहमा मुख्य विषयहरुमा दोहोरो नहुने गरी कुनै एक विषयको शिक्षक प्रचलित कानुन बमोजिम नियुक्ति गर्ने वि.व्य.स.को प्रतिबध्दता

६. परम्परागत वा धार्मिक विद्यालयको हकमा सामुदायिक प्रकृतिको रुपमा सञ्चालन भएको हो भन्ने व्यहोराको किटानी पत्र

७. कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीहरुको नामनामेसी विवरण ।

बद्रीनाथ गैह्रे
प्रदेश सचिव